**प्रस्तावहरु :**

**प्रस्ताव नं. १** : आ.व. २०७६।०७७ को नीति, कार्यक्रम तथा बजेट सम्वन्धमा ।
**प्रस्ताव नं. २** : भगवतीमाई गाउँपालिकाको आर्थिक विधेयक, २०७६ सम्वन्धमा ।
**प्रस्ताव नं. ३** : भगवतीमाई गाउँपालिकाको विनियोजन विधेयक, २०७६ सम्वन्धमा ।
**प्रस्ताव नं. ४** : आ.व. ०७४।०७५ को अन्तिम लेखापरीक्षण प्रतिवेदन सम्वन्धमा ।

**निर्णय नं. १ :**

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट तयार भई पेश भएको यस गाउँपालिकाको आ.व. २०७६।०७७ को नीति तथा कार्यक्रम परिमार्जन सहित स्वीकृत गरी पारितको लागि पाँचौ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं २ :**

यस भगवतीमाई गाउँपापिलकाको आ.व. २०७६।०७७ को अर्थ सम्वन्धी प्रस्ताव कार्यान्वयन गर्न बनेको **भगवतीमाई गाउँपालिकाको आर्थिक विधेयक, २०७६** स्वीकृत गरी पारितको लागि पाँचौ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यस भगवतीमाई गाउँपालिकाको आ.व.२०७६।०७७ मा सेवा र कार्यहरुको लागि संचित कोषबाट केहि रकम खर्च गर्न र विनियोजन गर्न बनेको **भगवतीमाई गाउँपालिकाको विनियोजन विधेयक, २०७६** स्वीकृत गरी पारितको लागि पाँचौ गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस भगवतीमाई गाउँपालिकाको आ.व. २०७४।०७५ अन्तिम लेखापरीक्षण प्रतिवेदन, २०७५ माथि व्यापक छलफल गरियो र उक्त प्रतिवेदनमा देखिएका बेरुजुहरुलाई असुल, फछ्यौट र नियमित गर्न गराउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन गरियो ।